# दक्षिणकाली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौँ, बागमती प्रदेश, नेपाल**

## सूचना प्रकाशनका लागि राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१२**

१. यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दा प्रकाशित गरिने सूचनाहरू न्यूनतम दररेटमा 'क' वर्गको राष्ट्रिय स्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशित गर्नुपर्ने भएकोले उक्त कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएकोले मिति २०८०/०३/१२ देखि मिति २०८०/०३/२६ गतेसम्म (१५ दिन भित्रमा) कार्यालय समयभित्र दरभाउपत्र फाराम दस्तुर रु. १,०००/- अक्षरुपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) राष्ट्रिय वाणिज्य बैंक फर्पिङमा रहेको आन्तरिक राजस्व खाता नं. (ग-१-१) १२००१००३०१०१००२ जम्मा गरी चालू आ.व.का लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न गरी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीहरूलाई यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फाराम दक्षिणकाली नगर कार्यपालिकाको कार्यालय, फर्पिङमा निवेदन पेस गरी खरिद गर्न सकिनेछ ।

२. आर्थिक वर्ष २०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्म एकद्वार प्रणाली (one door system) मार्फत काठमाडौँबाट प्रकाशित हुने गोरखापत्र, नागरिक, राजधानी, अन्नपूर्ण, मध्यान्न, कारोबार, अभियान, कान्तिपुर र नयाँ पत्रिका गरी ९ वटा राष्ट्रिय दैनिक पत्रिकाको भित्री पृष्ठ सादामा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीहरूलाई यो सूचना प्रकाशित गरिएको छ ।

३. दरभाउपत्र फाराममा उल्लेखित राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकाशित हुने सूचना प्रति सी.सी. न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीको दरभाउपत्र स्वीकृत गरिनेछ । दफा २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सी.सी. रकम भिन्दाभिन्दै उल्लेख गरी सिलबन्दी फाराम दर्ता गर्नुपर्नेछ ।

४ सिलबन्दी दरभाउपत्र पेस गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्को नाममा दर्ता गरेको र कुनै पनि सर्त राखी पेस भएको दरभाउपत्र मान्य हुनेछैन ।

५. मिति २०८०/०३/२७ गते दिनको १२:०० बजेभित्र आफैँले खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरू सोही दिनको १:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६. दरभाउपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेस गर्नुपर्नेछ ।

८. एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाइएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिनेछैन ।

९. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रूपमा लागेको हुनुपर्नेछ । साथै दरभाउपत्र दाताले पेस गर्ने सम्पूर्ण प्रमाणपत्रहरू नवीकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्य रूपमा प्रमाणित गराई पेस गर्नुपर्नेछ ।

१०. यस सूचनामा उल्लेख्य भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि दक्षिणकाली नगरपालिकाको कार्यालय फर्पिङ, काठमाडौँमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**– प्रमुख प्रशासकीय अधिकृत**

**Published on: (2080-03-12, June 27, 2023, Gorkhapatra )**

# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौँ, बागमती प्रदेश, नेपाल

## भूलसुधार सम्बन्धमा।

**प्रकाशित मिति : २०८०।०३।१३**

यस कार्यालयबाट मिति २०८०/०३/१२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना प्रकाशनका लागि राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचनामा धरौटी/बिडबन्ड सम्बन्धी व्यवस्था छुट हुन गएकोमा सिलबन्दी दरभाउपत्रको दफा नं. ४ मा निम्न व्यवस्था उल्लेख गरिएको व्यहोरा अनुरोध छ।

४) **सिलबन्दी दरभाउपत्र पेस गर्ने दरभाउपत्र दाताले राष्ट्रिय वाणिज्य बैंक, फर्पिङस्थित धरौटी खाता नं.** १२००१००३०३००००२ **मा बिडबन्ड बापत** रु. १,००,०००।- **(अक्षरुपी** रु. **एक लाख रुपियाँ मात्र) जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट** १२० **दिनसम्म म्याद भएको बैंक जमानत (बिडबन्डको सक्कल प्रति) संलग्न गरी पेस गर्नुपर्नेछ। बैंक जमानत तथा नगर धरौटी नियमानुसार कागजात पेस गरिसकेपछि प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ।**

**- प्रमुख प्रशासकीय अधिकृत**

**Published on: (2080-03-13, June 28, 2023, Gorkhapatra )**